# भक्तपुर जिल्ला अदालत

## भक्तपुर

सूचना।　　　　　　　　　सूचना।।　　　　　　　　　सूचना।।।

कोरोना भाइरस (कोभिड- १९) को नया भेरियन्ट विश्वव्यापिरुपमा फैलिइरहेको र नेपालमा पनि त्यसको संक्रमण तीव्रगतिमा बढिरहेको सन्दर्भमा त्यसको रोकथाम तथा नियन्त्रणका लागि काठमाण्डौं, ललितपुर र भक्तपुर समेत गरी उपत्यकाका तीन वटै जिल्ला प्रशासन कार्यालयकोतर्फ बाट काठमाण्डौ जिल्ला प्रशासन कार्यालयको नाउँ बाट संक्रामक रोग ऐन, २०२० को दफा २ तथा स्थानिय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा (३) बमोजिम काठमाण्डौ उपत्यका भरी मिति २०७८।१।१६ गते बिहान ६.०० बजे बाट लागू हुने गरी मिति २०७८।१।३१ राती १२.०० बजे सम्म निषेधाज्ञाको आदेश जारी गरिएकोको कारण उक्त अवधिमा सर्वसाधरणको आवागमनमा असहजताको अवस्था सिर्जना भई यस अदालतका कामकारवाही र सम्पादन हुने सेवा प्रवाहसमेत प्रभावित हुने भएकोले मिति २०७८।१।१५ गते बसेको बार र बेञ्चको बैठकबाट

देहाय बमोजिमको निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

तपसिल

१.निषेधाज्ञाको अवधिभर अर्थात मिति २०७८।१।१६ गते देखि २०७८।१।३१ गते सम्म बन्दीप्रत्यक्षीकरणको निवेदन लगायत अभियोगपत्र दर्ता, बयान, थुनछेक आदेश र सो सम्बन्धी सुनुवाई, म्याद थप,पक्राउ पूर्जी जारी, जरुरी पक्राउ पूर्जी समर्थन,घरेलु हिंसा सम्बन्धी फिरादपत्र दर्ता, मुद्दा फिर्ता, डिसमिस, तामेली , मिलापत्र र सजाय निर्धारण सम्बन्धी कामकारवाही हुने। सो बाहेक अन्य कामकारवाही र सेवा स्थगन गर्ने।

२.कामकारवाही तथा सेवा प्रवाह स्थगन भएका अवधिका मुद्दा तथा रिट निवेदनहरुमा रहेका हदम्याद, म्याद, तारेख नगुज्रिने ।

३.यस सम्बन्धी अन्य व्यस्थापकीय पक्षहरु अदालत प्रशासनले मिलाउने ।